Archive More

नयाँ पत्रिका

Epaper वि.सं २०७६ असार ११ बुधबार Wednesday, 26 June, 2019 Archive

झन् नयाँ

Search

ismt College
नेपाल सरकार शिक्षा मन्त्रालयबाट मान्यता प्राप्त
Tinkune, Gairigaun, Kathmandu
01-4485278 / 4485279
www.ismt.edu.np

# खप्तडमा कस्तुरीको अध्ययन तथा संरक्षण अभियान

29 Shares Share Tweet Share

नयाँ पत्रिका| बझाङ २०७६ जेठ २१ मंगलबार १९:५७:००

लोपोन्मुख प्रजातिको कस्तुरी संरक्षण गर्न छान्ना खप्तड गाउपालिकाले खप्तड राष्ट्रिय निकुन्जमा तयारी सुरू गरेको छ। “हिमालयन जैविक विविधता सञ्जाल नेपाल"ले कस्तुरीको वर्तमान अवस्था बुझ्न संरक्षण तथा अनुसन्धान गर्ने भएको हो।


निकुञ्जको धौले ढुङ्गा, त्रिवेणीलगायत क्षेत्रमा गरेको अनुसन्धानबाट उक्त क्षेत्र कस्तुरीका लागि उचित बासस्थान भएको अनुसन्धानकर्ता तिलक मगरले जानकारी दिए । कस्तुरी संरक्षण टोलीमा संलग्न  डा. दयाराम भुसालका अनुसार खपतडमा कस्तुरी प्राणीको दिगो संरक्षणका लागि कार्यक्रम संचालन गर्नु पर्ने स्थान रहेको छ । कस्तुरीको चोरी सिकारी हुने भएकाले नियन्त्रण गर्न स्थानीय स्तरमा जनचेतना पुऱ्याउनु पर्ने अनुसन्धानकर्ता किशोर प्रसाद घिमिरेले बताए ।

एकै ठाउमा दिसा गर्ने र एउटै बाटो हिड्न रुचाउने भएकाले कस्तुरीको सिकारी बढी हुने गरेको स्थानीय रमेश खड्का बताउछन् । सामुद्रिक सतहदेखि २ हजार मिटरभन्दा माथि र ५ हजारभन्दा कम भूभागमा पाइने कस्तुरी हिमाली क्षेत्रको सूचक प्रजाति मानिदै अाएको छ । विश्वमा पाइने सात प्रजातिमध्ये नेपालमा सुनकण्ठे, सेतोकण्ठे र कालो कस्तुरी गरी तीन प्रकारको पाइने उल्लेख छ ।

#कस्तुरी # अध्ययन

प्रतिकृया दिनुहोस

**0 Comments** Sort by **Oldest**



Add a comment...

Facebook Comments Plugin

# सम्बन्धित समाचार